दिगो सहकारी विकासका लागि संघ

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

"अन्तरक्रिया कार्यक्रम" २०७९

२०७९ श्रावण २९ गते

# सहकारीका समस्या तथा समाधान विषयक अन्तरक्रिया कार्यक्रम

## प्रस्तुतिका विषय वस्तु

- सहकारीको दर्ता, संचालन प्रक्रिया
- सहकारीमा देखिएको विकृतिहरु
- भक्तपुरमा सहकारीको अवस्था
- भक्तपुर सहकारीमा तरलताको अवस्था
- विकृति रोकथामका उपायहरु
- नियमकारी निकायको भुमिका
- अभियान, संचालक र सदस्यका भुमिका
- निष्कर्ष

## सहकारीको दर्ता संचालन प्रक्रिया

- सहकारी ऐन २०७४
- सहकारी नियमावली २०७५
- सहकारी मापदण्ड तथा निर्देशन
- विनियम
- नीति तथा कार्यविधि

## सहकारीमा देखिएका विकृतिहरु









## संचार माध्यमबाट सहकारीमा देखिएका समस्याहरु

१. न्युरोडमा खुलेका सहकारीमध्ये यी ३२ वटा भागे। देशभरीमा २३१ वटा समस्याग्रस्त

२. सहकारीको नाममा व्याज बढि दिएर रकम भित्र्याउने त्यस्तो बचत संस्थाको अभिलेखमा नहुने र सञ्चालकले घरमा पैसा राखेर निजी घरघडेरीको कारोबार गर्ने

३. व्याजको लोभमा व्यक्तिले करोडौ पैसा राख्ने तर संस्थाको अभिलेखमा रकम नहुने

४.सम्पत्तीशुद्दिकरण ऐनबाट जोगिन खोज्ने तर संस्थामा वित्तीय संकट आए पछि रकम फिर्ता गर्न नसकेर भाग्ने , खोजि हुँदा बचत रकम संस्थाको अभिलेखमा नभेटिने

५. संस्था समुदायमा आधारित हो होइन,आफू सदस्य हो कि ग्राहक थाहा नपाउने ,तडक भडक र श्रृङ्गार पटारमा विश्वास गर्ने, व्याजमा लोभिने व्यक्ति समस्यमा ।




## भक्तपुर जिल्लामा सहकारीको विवरण

| सि. नं. | नगरपालिका | बचत तथा ऋण | बहुउद्देश्यीय | कृषि | उपभोक्ता | दृग्ध | संचार | स्वास्थ्य | अन्य | मौरीपालन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | १६८ | १० | १२ | ५ | २ | ० | ० | १ | ० | १९८ |
| २ | मध्यपुर | १३९ | ७ | ५ | २ | ० | ० | १ | १ | ० | १५५ |
| ३ | सूर्यविनायक | १०९ | १६ | १६ | | ५ | १ | | | १ | १४८ |
| ४ | चाँगुनारायण | ५७ | २२ | २२ | १ | १५ | ० | ० | ० | ० | ११७ |
| ५ | सहकारी संघ | १ | १ | १ | ० | १ | ० | ० | १ | ० | ५ |
| | जम्मा | ४७४ | ५६ | ५६ | ८ | २३ | १ | १ | ३ | १ | ६२३ |

स्रोत : डिभिजन सहकारी कार्यालय, भक्तपुरको सूर्यविनायक सहकारी चिनारी, २०७३, अंक ७ बर्ष ७

## संघमा आबद्ध २०२ वटा संस्थामध्येबाट प्राप्त १७९ वटा संस्थाको वासलात अनुसार (२०७७।०७८)

- कूल वासलात ४१ अर्व ५४ करोड
- बचत ३२ अर्व ७४ करोड
- ऋण लगानी २७ अर्व ९४ करोड
- तरलता ६ अर्व ८२ करोड
- सदस्य २ लाख ७० हजार
- कर्मचारी संख्या १ हृजार १ सय ६९ जना

## प्राप्त १५ वटा संस्थाको वासलात अनुसार (२०७८।०७९)

- कूल वासलात ८ अर्व ६४ करोड
- बचत ६ अर्व ६६ करोड
- ऋण लगानी ६ अर्व ८४ करोड
- तरलता १ अर्व ३ करोड (कुल बचतको १६ प्रतिशत)

## सहकारीका समस्याहरु

- सहकारीको दर्ता तथा कार्यक्षेत्र बृहत
- कारोवारी सदस्य
- सदस्य भन्दा ग्राहक केन्द्रीत सेवा
- संचालकबाट बचत दुरुपयोग ।
- आम नागरिकमा व्याजको प्रलोभन र सहकारी शिक्षाको कमी ।
- बैंक तथा वित्तीय संस्थाको सहकारी निरुत्साहित पार्ने कार्य ।
- सरकारी निकायका केहि उच्चपदस्थ व्यक्तिहरुमा सहकारीप्रति नकारात्मक सोच ।
- सम्बन्धित निकायबाट औपचारिकतामा मात्र सिमित अनुगमन ।
- अभियानमा चरम राजनीतिकरण ।

## अभियानले खेल्नुपर्ने भुमिका

- सहकारीको विश्वास बढाउने काम गर्नुपर्ने।
- सदस्यको बचतको सुरक्षाको प्रत्याभुति हुने कार्य गनुपर्ने ।
- सहकारी नीति नियमको कार्यान्वयनको लागि पहल गर्नुपर्ने ।
- सहकारीको अनुगमन तथा नियमन गर्नुपर्ने ।
- सहकारी सकारात्मक कुराहरु प्रमोशन गर्नुपर्ने ।
- सहकारीका सचेतनात्क कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- सहकारीलाई प्रतिकुल ऐन कानुनहरु संशोधन र खारेजको लागि पहल गर्नुपर्ने ।

## अभियानले खेल्नुपर्ने भुमिका

- ❑ सहकारीको सचेतनात्मक प्रचार
- ❑ सहकारीको बारे जानकारी

### कस्तो सहकारीमा कारोवार गर्ने ?

- ☑ निजी नभई सामुहिक भावनाबाट सञ्चालन भएको ।
- ☑ नियमित लेखापरीक्षण, साधारण सभा भएको र सदस्यहरूको विस्तारित मञ्चहरू सञ्चालन गरिरहेको ।
- ☑ सदस्यहरूलाई मागेको समयमा तुरून्तै सूचना उपलब्ध गराउने । संस्थागत सूचनाहरू वेवसाईट, फेसबुक एवं अन्य माध्यमबाट सदस्यहरूलाई अद्यावधिक गराउने गरेको ।
- ☑ विपन्न वर्गसम्म पुग्ने योजना सहित सञ्चालन भएको ।
- ☑ सहकारीको रकमलाई सदस्यहरूकै हित र रोजगारी सृजना गर्नेगरी परिचालन गरिएको ।
- ☑ सहकारीको सिद्धान्त र मूल्यहरूको पालना भएको ।
- ☑ सम्बन्धित नियामक निकाय र सरोकारवालाहरूलाई नियमित प्रतिवेदन पेश गर्ने गरेको ।
- ☑ जगेडाकोष बलियो भएको ।
- ☑ विश्वासिला सञ्चालक र क्षमतावान कर्मचारी भएको ।
- ☑ नाफा भन्दा सदस्य सेवा र सुरक्षामा बढि प्राथमिकता दिने ।
- ☑ सम्बन्धित निकायको गुणस्तर सुनिश्चितता कार्यक्रममा सहभागी भएको ।

### कस्तो सहकारीमा कारोवार नगर्ने ?

- ☑ बचतमा अपत्यारिलो ब्याज प्रदान गर्ने ।
- ☑ नियमित लेखापरीक्षण र साधारण सभा नगर्ने ।
- ☑ संस्थाको प्रगति प्रतिवेदनहरू प्रकाशित नगर्ने ।
- ☑ सदस्यहरूसंग नियमित सम्पर्क नगर्ने ।
- ☑ सदस्य नबनाई बचत संकलन गर्ने ।
- ☑ संस्थाको स्रोत साधन र सम्पति सञ्चालकहरूले प्रयोग गर्ने ।
- ☑ आफनो विषयगत संघमा आवद्ध नहुने ।

## अभियानले खेल्नुपर्ने भुमिका

### सुरक्षित तथा स्वस्थ बचत तथा ऋण सहकारी संस्था (साकोस) पहिचानका आधारहरु

१) गुणस्तरीय (द्यचबलमष्लन) कार्यक्रममा आबद्ध भएको सहकारी
२) स्थिरिकरण कोषमा सहभागी भएको सहकारी
३) संस्थागत पूँजी (जगेडा कोष) बलियो भएको सहकारी
४) विषयगत छाता संघहरूमा आवद्ध भएका सहकारी
५) सञ्चालकहरू कार्यकारी प्रमुख नभएको सहकारी
६) निरन्तर शिक्षा, तालिम तथा सुचना दिने सहकारी
७) सदस्य मैत्री सेवा प्रदान गर्ने सहकारी
८) नियमित लेखा परिक्षण तथा साधारण सभा गर्ने सहकारी
९) वित्तीय विवरणहरू मासिक रुपमा प्रकासित गर्ने सहकारी
१०) संचालकहरू स्थानिय तथा स्वच्छ छवि भएका सहकारी
११) विनियममा उल्लेखित उद्धेश्य अनुरूप सञ्चालित सहकारी
१२) नीति विधि र पविधिमा सञ्चालित सहकारी

## नियमन निकायले खेल्नुपर्ने भुमिका

- सहकारी दर्ता रोक्नुपर्ने ।
- सहकारी अनुगमन र सुपरिवेक्षणमा विशेष ध्यान दिनुपर्ने ।
- सहकारी ऐन कार्यान्वयनको लागि कार्यविधि बनाउनु पर्ने ।
- कर्जा सूचना केन्द्र, कालो सूची र ऋण असुली न्यायधिरण जस्ता व्यवस्था लागू गर्नुपर्ने
- सहकारी सकारात्मक कुराहरु प्रमोशन गर्नुपर्ने ।
- सहकारीका सचेतनात्क कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- सहकारीलाई प्रतिकुल ऐन कानुनहरु संशोधन र खारेजको लागि पहल गर्नुपर्ने ।
- स्थानीय तहले सहकारीलाई अपनत्व ग्रहण गर्नुपर्ने ।

## संचालकले खेल्नुपर्ने भुमिका

- सहकारीको मुल्य, मान्यता, सिद्धान्तहरु तथा ऐन कानूनको पालना ।
- सदस्यमुखी कारोवार ।
- पर्ल्स अनुगमन प्रणालीको अबलम्वन ।
- नीति, विधि तथा प्रविधिमा संस्था संचालन गर्नुपर्ने ।
- संस्थामा सदस्यको बचत सुरक्षाको क्रियाकलाप र निर्णय ।
- सहकारीको सकारात्मक कुराको सम्प्रेशन ।
- सहकारीका सचेतनात्मक कार्यक्रमहरु संचालन गर्नपर्ने ।
- सहकारीलाई प्रतिकुल ऐन कानुनहरु संशोधन र खारेजको लागि पहल गर्नुपर्ने ।

## सदस्यले खेल्नुपर्ने भुमिका

१) समयमा नियमित बचत बुझाउने ।
२) आफूलाई आवश्यक ऋण संस्थाबाट लिने ।
३) समयमा ऋणको ब्याज तथा साँवा बुझाउने ।
४) संस्थाको साधारण सभामा सहभागी हुने ।
५) संस्थाको निर्वाचनमा स्वच्छ भावनाले सहभागी हुने ।
६) संस्थाबाट उपलब्ध गराईएका सेवाहरु उपभोग गर्ने ।
७) संस्थाको उद्द्देश्यबारे जानकारी लिने ।
८) सहकारी सिद्धान्त, मूल्य, मान्यताको जानकारी लिने ।
९) सस्था उन्नतितिर गएको छ वा छैन भन्नेवारे ध्यान दिने ।
१०) संस्थाका खराब आचरण भएकालाई सुधार गर्न इमान्दारी पूर्वक प्रयास गर्ने ।
११) आफ्नो संस्थाको राम्रो पक्षको प्रचारप्रसार गर्ने ।
१२) संस्थामा देखिएका समस्याको समाधान गर्नमा सक्रिय सहयोग गर्ने ।
१३) संस्थाको बारे फैलाइएका भ्रम निवारणको लागि प्रतिवाद तथा निवारण गर्न पहल गर्ने ।
१४) समय समयमा संस्थाले तोकिएका अन्य कुराहरुको पालना गर्ने ।
१५) ब्याजको लोभमा नफस्ने

## निष्कर्ष

- वित्तीय अनुशासनमा रहेका र समुदायमा आधारित सहकारी संस्थामा सातातिना संकटले असर गर्दैन, त्यस्ता संस्थाको विकास तथा प्रवर्दन गर्ने ।
- सञ्चालकले बचत दुरुपयोग गरेको संस्थामा हाल सकटमा आएको कुरा आमजनतालाई जानकारी गराउने ।
- सदस्यलाई सहकारीको निरन्तर शिक्षा प्रदान गर्ने ।
- तरलता अभाव अवस्थामा घरजग्गा खरिद तथा सो क्षेत्रमा ठूलो लगानी नगर्ने र ठूलो ऋण लगानी नगर्ने ।
- संदस्य केन्द्रीत सेवा तथा व्यवसाय गर्ने ।
- सहकारिता केन्द्रीत कार्यक्रमहरु संचालित गर्ने ।
- सहकारीका सकारात्मक कुराहरुको प्रचार गर्ने ।
- वित्तीय अनुशासनको परिपालना गर्ने ।
- सहकारीलाई दुरुपयोगत गर्ने व्यक्तिहरुलाई कार्वाहीको माग गर्ने ।
- सहकारीको पैसा सहकारीमा राख्ने ।

## सहकारीको पैसा सहकारीमा राख्दा हुने फाइदाहरु

- सहकारी अभियान बलियो हुने ।
- तरलता अभावमा ऋणको सुविधा पाइने ।
- बचतमा प्रतिस्पधी व्याज पाउने ।
- कारोबारको आधारमा संरक्षित पुँजी फिर्ता पाउने ।
- शेयर लाभांष पाउने ।
- संस्था अनुकुल वित्तीय सेवा पाइने ।
- कानुन शंशोधनका लागि लविङ ।
- तालिमको अवसर
- सम्मान तथा पुरस्कारको अवसर
- बैंक वित्तीय संस्थाको परनिर्भता हट्न सक्ने ।




नोट..................................................................

नोट..................................................................